# नेपाल सरकार

## शिक्षक सेवा आयोग

### अध्यापन अनुमतिपत्र परीक्षा - २०८२

**तह:** निम्न माध्यमिक | **पुर्णाङ्क:** १०० | **उत्तीर्णाङ्क:** ५० | **समय:** १ घण्टा | **सेट:** C

**१) शिक्षक निर्देशिकाले शिक्षकलाई के कुरामा सहयोग पुर्याउँछ ?**

- A. शिक्षण विधि छनोट, क्रियाकलाप र सामग्री प्रयोग
- B. कक्षाकोठा भित्रका कार्यसम्पादन
- C. पढाउने तरिका सम्बन्धी व्यक्तिगत समस्या समाधान
- D. विद्यालयको शैक्षिक बजेट निर्माण र कार्यान्वयन

सही उत्तर: A. शिक्षण विधि छनोट, क्रियाकलाप र सामग्री प्रयोग

**२) शैक्षणिक योजनाको प्राथमिक लक्ष्यसँग सम्बन्धित विशेषता तलकामध्ये कुन हो ?**

- A. शिक्षकको दक्षता र कार्यभार वृद्धि गर्ने
- B. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने
- C. सरकारको शिक्षामा लगानीलाई प्रभावकारी बनाउने
- D. सिकाइ उपलब्धिको स्तरीकृत परीक्षणलाई बढावा दिने

सही उत्तर: B. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने

**३) कार्यमूलक अनुसन्धान चक्रको सही क्रम कुन हो ?**

- A. योजना, कार्य, अवलोकन, प्रतिबिम्बन
- B. कार्य, योजना, प्रतिबिम्ब, अवलोकन
- C. अवलोकन, प्रतिबिम्बन, योजना, कार्य
- D. योजना, प्रतिबिम्बन, कार्य, अवलोकन

सही उत्तर: A. योजना, कार्य, अवलोकन, प्रतिबिम्बन

**४) सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीमा कुन सीपको विकास गर्न सहयोग पुर्याउँछ ?**

- A. स्मरण गर्ने सीप
- B. सृजनशीलता र समस्या समाधान सीप
- C. लेखन तथा बोलाइसिप
- D. समूह सिकाइ सिप

सही उत्तर: B. सृजनशीलता र समस्या समाधान सीप

**५) दिएको तेस्रो शब्दसँग सम्बन्धित चौथो शब्द छान्नुहोस्, जहाँ पहिलो शब्द र दोस्रो शब्द बीच निश्चित सम्बन्ध रहेको छ।**

**फूल : कोपिला :: तुलसी : ...**

- A. घिउलो
- B. पालुवा
- C. मञ्जरी
- D. बिरुवा

सही उत्तर: C. मञ्जरी

**६) यदि कुनै शिक्षकले सिकाइ सामग्री र भित्ते सामग्रीको उपयोगलाई संयोजन गरेर कक्षाकोठाको बसाइ व्यवस्थापन गर्छन् भने यसले कुन परिमाणमा सबैभन्दा बढी योगदान पुर्याउँछ ?**

- A. शिक्षकको कार्यभार घटाउने र सजिलो पढाइ सुनिश्चित गर्ने
- B. विद्यार्थीहरूको सहभागिता, दृश्य अनुभव र अर्थपूर्ण सिकाइलाई सुदृढ गर्ने
- C. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा राम्रो प्रभाव पार्ने
- D. शिक्षण प्रक्रिया छुट्ट्याएर समय बचत गर्ने

सही उत्तर: B. विद्यार्थीहरूको सहभागिता, दृश्य अनुभव र अर्थपूर्ण सिकाइलाई सुदृढ गर्ने

**७) गुणस्तरीय शिक्षाको सूचक तलकामध्ये कुन हो ?**

- A. शैक्षिक उपलब्धिमा वृद्धि,
- B. तह पूरा गर्ने दरमा वृद्धि
- C. गुणस्तरीय शिक्षकको संख्या
- D. माथिका सबै

सही उत्तर: D. माथिका सबै

**८) शिक्षकको पेसागत विकास प्रारूप २०७० अनुसार शिक्षकलाई कति अवधिको सेवा प्रवेश तालिम दिने व्यवस्था गरिएको छ ?**

- A. ३० कार्यदिन
- B. १५ कार्यदिन
- C. ७ कार्यदिन
- D. ३ महिना

सही उत्तर: A. ३० कार्यदिन

**९) सामाजिक निर्माणवादी सिद्धान्त प्रतिपादन गर्ने मनोवैज्ञानिक को हुन् ?**

- A. बी.एफ. स्किनर
- B. लेभ भिगोत्स्की
- C. जीन पियाजे

Ctevtsolution.com

- D. एडवर्ड थर्नडाइक

सही उत्तर: B. लेभ भिगोत्स्की

**१०) राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी कार्यनीति कुन होइन ?**

- A. चार वर्ष उमेर पुगेका बालबालिकालाई दुई वर्षको कार्यक्रम सञ्चालन गर्ने
- B. पहुँच सुनिश्चित हुनेगरी हालका केन्द्रहरूको नोक्साङ्कन समायोजन र पुनःवितरण गरिने
- C. केन्द्र सम्बन्धी राष्ट्रिय मापदण्ड निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने
- D. विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक आपूर्ति गर्ने व्यवस्था मिलाउने

सही उत्तर: A. चार वर्ष उमेर पुगेका बालबालिकालाई दुई वर्षको कार्यक्रम सञ्चालन गर्ने

**११) विद्यालयको शैक्षिक गुणस्तर सुधारमा प्रभाव पार्ने सरोकारवालाहरूमध्ये प्राथमिक सरोकारवालाहरूको समूह कुन हो ?**

- A. शिक्षक, दातृ निकाय, समुदाय र गैरसरकारी संस्था
- B. कर्मचारी, अभिभावक, विद्यार्थी र समिति
- C. शिक्षक, निजामती कर्मचारी, अभिभावक र समुदाय
- D. शिक्षक, विद्यार्थी, अभिभावक र समुदाय

सही उत्तर: D. शिक्षक, विद्यार्थी, अभिभावक र समुदाय

**१२) सिकाइमा वैयक्तिक भिन्नतालाई प्राथमिकता दिँदा तलकामध्ये कुन विषयमा जोड दिनु उचित हुन्छ ?**

- A. शिक्षण विधिको एकरूपता र स्तरीयता
- B. समूह कार्य र सहयोगात्मक सीप
- C. विषयवस्तु सिकाइको गति र तरिकामा अनुकूलन
- D. एउटै सिकाइ उपलब्धिको प्राप्ति

सही उत्तर: C. विषयवस्तु सिकाइको गति र तरिकामा अनुकूलन

**१३) घटना अध्ययन (Case Study) मूलतः कुन प्रकारको अनुसन्धान हो ?**

- A. परिमाणात्मक अनुसन्धान
- B. प्रयोगात्मक अनुसन्धान
- C. ऐतिहासिक अनुसन्धान
- D. गुणात्मक अनुसन्धान

सही उत्तर: D. गुणात्मक अनुसन्धान

**१४) एक शिक्षकले महामारीको समयमा विद्यार्थीहरू भौतिक रुपमा विद्यालय आउन नसक्दा रेडियो, टेलिभिजन र इन्टरनेट मार्फत मिश्रित र वैकल्पिक विधिबाट सिकाइलाई निरन्तरता दिनुभयो। यो कार्यालय शिक्षाको कुन क्षमतालाई सबैभन्दा बढी प्रस्फुटन गर्छ ?**

- A. पाठ्यपुस्तकको पूर्ण र उच्च प्रयोग गर्ने क्षमता
- B. कडा अनुशासन कायम गर्ने क्षमता
- C. परिस्थिति अनुसार शिक्षण प्रक्रियालाई रूपान्तरण र नवप्रवर्तन गर्ने क्षमता
- D. परम्परागत शिक्षण विधिमा मात्र विश्वास नगर्ने कौशल

सही उत्तर: C. परिस्थिति अनुसार शिक्षण प्रक्रियालाई रूपान्तरण र नवप्रवर्तन गर्ने क्षमता

**१५) अनुसन्धान कार्यमा प्राथमिक तथ्याङ्क सङ्कलनको साधन तलकामध्ये कुन हो ?**

- A. जर्नल
- B. पत्रपत्रिका
- C. अध्ययन प्रतिवेदन
- D. प्रश्नावली

सही उत्तर: D. प्रश्नावली

**१६) तल दिएका मध्ये कुन सामाजिक न्यायको तत्व भित्र पर्दैन ?**

- A. समता
- B. समानता
- C. विभेद
- D. कानुनबमोजिम व्यवहार

सही उत्तर: C. विभेद

**१७) विस्मरणका सैद्धान्तिक कारणहरूमध्ये पहिले सिकेका कुरालाई पछि सिकेका कुराले प्रभाव पार्छ र पछि सिकेका कुराले पूर्व सिकाइलाई निष्क्रिय बनाउँछ भन्ने मान्यता तलका मध्ये कुन सिद्धान्त अन्तर्गत पर्दछ ?**

- A. हस्तक्षेपको सिद्धान्त
- B. दमनको सिद्धान्त
- C. अप्रयोगको सिद्धान्त
- D. मानसिक प्रक्रियाको सिद्धान्त

सही उत्तर: A. हस्तक्षेपको सिद्धान्त

**१८) शिक्षकको पेसागत विकासको मुख्य उद्देश्य के हो ?**

- A. विद्यालयको भौतिक संरचना सुधार गर्नु
- B. शिक्षकको प्रशासनिक क्षमतामा सुधार गर्नु
- C. शिक्षकको पदोन्नति सुनिश्चित गर्नु

Ctevtsolution.com

- D. सिकाइको गुणस्तर सुधार गर्नु

सही उत्तर: D. सिकाइको गुणस्तर सुधार गर्नु

**१९) विद्यालयमा राखिने नागरिक बडापत्रको मुख्य उद्देश्य के हो ?**

- A. शिक्षकहरूको हाजिरी रेकर्ड राख्ने र आउने जाने समयबारे सेवाग्राहीलाई जानकारी गराउने
- B. विद्यालयको आयव्यय विवरण र वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने
- C. प्रदान गरिने सेवा र लाग्ने समयबारे सेवाग्राहीलाई सूचित गरी पारदर्शी बनाउने
- D. विद्यार्थीहरूको मूल्याङ्कन नतिजा प्रकाशन र श्रेणी विभाजन गर्ने

सही उत्तर: C. प्रदान गरिने सेवा र लाग्ने समयबारे सेवाग्राहीलाई सूचित गरी पारदर्शी बनाउने

**२०) कक्षा कोठाको विविधता व्यवस्थापन गर्दा शिक्षकले तल उल्लेख भएमध्ये कुन कुरालाई कम ध्यान दिए पनि हुन्छ ?**

- A. समूह कार्य र सहभागिता
- B. विद्यार्थीको भाषा र संस्कृति
- C. विद्यार्थीको आवश्यकता र क्षमता
- D. शिक्षकको योग्यता र विद्यार्थीको शारीरिक आकार

सही उत्तर: D. शिक्षकको योग्यता र विद्यार्थीको शारीरिक आकार

**२१) विद्यालयमा वार्षिक शैक्षिक योजना तयार गर्ने मुख्य जिम्मेवारी कसको हुन्छ ?**

- A. प्रधानाध्यापक
- B. विषय शिक्षक
- C. विषयविज्ञ
- D. शिक्षक अभिभावक संघ

सही उत्तर: B. विषय शिक्षक

**२२) तपाईंको कक्षामा केही विद्यार्थी छिटो सिक्ने र केही तुलनात्मक रुपमा विस्तारै सिक्नेछन् । यस्तो अवस्थामा विविधताको व्यवस्थापन गर्न तपाईंले अपनाउने १०० भन्दा उपयुक्त रणनीति कुन हो ?**

- A. विस्तारै सिक्ने विद्यार्थीलाई अगाडिको बेन्चमा राख्ने
- B. सबै विद्यार्थीलाई एउटै प्रकारको गृहकार्य दिने र एउटै गतिमा पढाउने
- C. छिटो सक्नेलाई थप सिर्जनात्मक र विस्तारै सक्नेलाई उपचारात्मक शिक्षणको व्यवस्था गर्ने
- D. छिटो सिक्ने विद्यार्थीहरूलाई ढिलो सिक्नेहरूसँग राखेर सहकार्य गर्न लगाउने

सही उत्तर: C. छिटो सक्नेलाई थप सिर्जनात्मक र विस्तारै सक्नेलाई उपचारात्मक शिक्षणको व्यवस्था गर्ने

**२३) जलवायु परिवर्तनको असरबारे पढाउन शिक्षकले विद्यार्थीलाई आफ्नो समुदाय टोलमा गएर स्थानीय बासिन्दाहरूसँग कुरा गरी वास्तविक जानकारी संकलन गर्न र प्रतिवेदन बनाउन लगाउनुभयो। यो कुन शिक्षण विधि हो ?**

- A. प्रवचन विधि
- B. परियोजना विधि
- C. प्रश्नोत्तर विधि
- D. अन्तरक्रियात्मक विधि

सही उत्तर: B. परियोजना विधि

**२४) 'प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ' भन्ने व्यवस्था नेपालको संविधानमा उल्लेखित देहायका मौलिक हकहरूमध्ये कुन मौलिक हक अन्तर्गत पर्दछ ?**

- A. बालबालिकाको हक
- B. शिक्षा सम्बन्धी हक
- C. सामाजिक न्यायको हक
- D. समानताको हक

सही उत्तर: A. बालबालिकाको हक

**२५) शिक्षकले कक्षामा मानवपाचन प्रणाली पढाउन पाठ्यपुस्तकको चित्रको सट्टा इन्टरनेटबाट खोजी गरी एउटा एनिमेटेड भिडियो देखाउनुभयो। यहाँ सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षणमा पुर्याएको मुख्य फाइदा कुन हो ?**

- A. शिक्षकलाई तयारी बिना नै कक्षामा जान सजिलो
- B. अमूर्त र जटिल विषयलाई दृश्य र रोचक बनाएर बुझ्न सजिलो
- C. विद्यालयमा विद्यार्थीको चाहना बमोजिम शिक्षक चल्नुपर्छ भन्ने उदाहरण
- D. सामग्री देखाएर विद्यार्थीहरूलाई मनोरञ्जनात्मक शिक्षण सिकाइ

सही उत्तर: B. अमूर्त र जटिल विषयलाई दृश्य र रोचक बनाएर बुझ्न सजिलो

**२६) शिक्षण सिकाइमा प्रयोग हुने सहायक प्रविधिको उदाहरण तलकामध्ये कुन हो ?**

- A. Interactive Whiteboard
- B. Virtual reality headsets
- C. Text to speech software
- D. Learning management system

सही उत्तर: C. Text to speech software

**२७) शिक्षण सिकाइमा प्रयोग गरिने निर्णयात्मक मूल्याङ्कनका सम्बन्धमा तलको कुन भनाइ ठीक छ ?**

- **भनाइ १:** यसको प्रयोग निरन्तर रुपमा गरिन्छ

- **भनाइ २:** विद्यार्थीको स्तर निर्धारण गरी प्रमाणपत्र दिन प्रयोग गरिन्छ
- **भनाइ ३:** यसमा औपचारिक मूल्याङ्कन प्रक्रिया मात्र अपनाइन्छ
- A. सबै भनाइहरू ठीक छन्
- B. भनाइ १ र २ ठीक छन्
- C. भनाइ १ र ३ ठीक छन्
- D. भनाइ २ र ३ ठीक छन्

सही उत्तर: D. भनाइ २ र ३ ठीक छन्

**२८) एक व्यापारीले रु.५०० मा किनेको सेतोपाटी रु.६०० मा बेच्नुभयो। उहाँले नै रु.६०० मा किनेको मार्कर रु.५०० मा बेच्नुभयो। समग्र कारोबारमा उहाँलाई नाफा नोक्सान के भयो ?**

- A. रु.१०० नाफा भयो
- B. रु.१०० नोक्सान भयो
- C. नाफा नोक्सान केही भएन
- D. रु.२०० नाफा भयो

सही उत्तर: C. नाफा नोक्सान केही भएन

*(गणना: कुल क्रय मूल्य = ५०० + ६०० = ११००; कुल विक्रय मूल्य = ६०० + ५०० = ११००; त्यसैले नाफा/नोक्सान = ०)*

**२९) विद्यालय तहमा स्थानीय पाठ्यक्रमको निर्माण कार्यान्वयन र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी कसको हो ?**

- A. सम्बन्धित स्थानीय तह (गाउँपालिका/नगरपालिका)
- B. प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय
- C. पाठ्यक्रम विकास केन्द्र
- D. विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक

सही उत्तर: A. सम्बन्धित स्थानीय तह (गाउँपालिका/नगरपालिका)

**३०) विद्यार्थीहरूलाई सानासाना समूहमा विभाजन गरी एउटै लक्ष्य प्राप्तिका लागि एकआपसमा मिलेर काम गर्न लगाउने शिक्षण विधिलाई के भनिन्छ ?**

- A. शिक्षक निर्देशित विधि
- B. सहयोगात्मक सिकाइ विधि
- C. प्रवचन विधि
- D. प्रदर्शन विधि

सही उत्तर: B. सहयोगात्मक सिकाइ विधि

**३१) शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको लागि छुट्ट्याइएको ३५ अङ्कमध्ये सुपरिवेक्षकले गर्ने मूल्याङ्कनका लागि कति अङ्कभार छुट्ट्याइएको छ ?**

- A. ५ अङ्क
- B. ६ अङ्क
- C. ७ अङ्क
- D. ८ अङ्क

सही उत्तर: B. ६ अङ्क

**३२) एकीकृत विद्यालय भन्नाले तलकामध्ये कुन खालको विद्यालयलाई बुझाउँछ ?**

- A. विशेष शिक्षासहितको विद्यालय
- B. विशेष विद्यालय
- C. स्रोत कक्षा
- D. घुम्ती विद्यालय

सही उत्तर: A. विशेष शिक्षासहितको विद्यालय

**३३) गुणस्तरीय शिक्षा विकासका लागि शिक्षक अभिभावक र समुदायको समन्वय किन महत्वपूर्ण हुन्छ ?**

- A. संघीय स्रोत विद्यालयमा ल्याउन
- B. शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गर्न
- C. कानुनी पक्षलाई प्रवर्द्धन गर्न
- D. शैक्षिक कार्यक्रमको योजना, अनुगमन र सुधारको प्रभावकारिता वृद्धि गर्न

सही उत्तर: D. शैक्षिक कार्यक्रमको योजना, अनुगमन र सुधारको प्रभावकारिता वृद्धि गर्न

**३४) शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गर्ने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण हाल कुन कक्षामा गरिएको छैन ?**

- A. कक्षा १२
- B. कक्षा १०
- C. कक्षा ८
- D. कक्षा ५

सही उत्तर: A. कक्षा १२

**३५) तल दिएका मध्ये पाठ्यक्रमका तत्वहरूको उपयुक्त क्रम कुन चाहिँ हो ?**

- A. विषयसूची, उद्देश्य, शिक्षण, कौशल र मूल्याङ्कन
- B. विषयसूची, शिक्षण कौशल, उद्देश्य र मूल्याङ्कन
- C. उद्देश्य, विषयसूची, शिक्षण कौशल र मूल्याङ्कन
- D. उद्देश्य, शिक्षण कौशल, विषयसूची र मूल्याङ्कन

सही उत्तर: C. उद्देश्य, विषयसूची, शिक्षण कौशल र मूल्याङ्कन

**३६) अन्तर सांस्कृतिक (Cross-cultural) अनुसन्धानमा सबैभन्दा धेरै प्रयोग हुने विधि कुन हो ?**

- A. प्रयोग (Experiment)
- B. सर्वेक्षण (Survey)
- C. अवलोकन (Observation)
- D. घटना अध्ययन (Case Study)

सही उत्तर: B. सर्वेक्षण (Survey)

**३७) तलका शैक्षिक विकासका योजनाहरूमध्ये सबैभन्दा विकेन्द्रित योजना कुनलाई मानिन्छ ?**

- A. प्रदेश शिक्षा योजना
- B. पालिका शिक्षा योजना
- C. विद्यालय सुधार योजना
- D. वार्षिक कार्य योजना

सही उत्तर: C. विद्यालय सुधार योजना

**३८) पेसागत विकासका नमुनामध्ये तुलनात्मक रूपमा कुन नमुनामा पेशाकर्मीको स्वनिर्देशन र सक्रियता कम रहन्छ ?**

- A. पेशासम्बन्धी प्रकाशनहरूको अध्ययन
- B. सहकर्मीहरूसँगको अन्तरक्रिया र छलफल
- C. शिक्षण सिकाइ रणनीतिहरूको प्रयोग
- D. तालिम कार्यशाला

सही उत्तर: D. तालिम कार्यशाला

**३९) विद्यालयमा हुने पठनपाठन सम्बन्धमा अन्तरक्रिया गर्ने मुख्य नेतृत्वदायी भूमिका कसको हुन्छ ?**

- A. विद्यालय व्यवस्थापन समिति
- B. शिक्षक अभिभावक संघ
- C. समुदाय
- D. विद्यार्थी

सही उत्तर: A. विद्यालय व्यवस्थापन समिति

**४०) कुनै कक्षाको कुनै एउटा विषयमा पठनपाठन हुने विषयवस्तुको सिकाइमा सोही कक्षाको अन्य विषयहरूमा पठनपाठन हुने विषयवस्तुहरूले सहयोगी भूमिका निर्वाह गर्ने गरी बनाइएको पाठ्यक्रमको संगठन तलका मध्ये कुन समन्वय अन्तर्गत पर्दछ ?**

- A. लम्बीय समन्वय
- B. समकालीन समन्वय
- C. एकीकृत समन्वय
- D. समतलीय समन्वय

सही उत्तर: D. समतलीय समन्वय

**४१) विद्यालयको सुधारका लागि विद्यालय व्यवस्थापन समितिको मुख्य जिम्मेवारी तलकामध्ये कुन चाहिँ हो ?**

- A. विद्यालयको दीर्घकालीन योजना तर्जुमा गर्ने
- B. कर्मचारीहरूको तलब निर्धारण गर्ने
- C. अतिरिक्त क्रियाकलाप योजना बनाउने
- D. विद्यालय र समुदायको सम्बन्ध सुधार गर्ने

सही उत्तर: D. विद्यालय र समुदायको सम्बन्ध सुधार गर्ने

**४२) विद्यालय शिक्षामा नागरिक समाजको भूमिका तलकामध्ये कुन चाहिँ होइन ?**

- A. नीति तथा कार्यक्रम प्रचारप्रसार गर्ने
- B. निगरानी गर्ने
- C. समुदायको संलग्नता बढाउने
- D. शैक्षिक प्रमाणपत्र वितरण गर्ने

सही उत्तर: D. शैक्षिक प्रमाणपत्र वितरण गर्ने

**४३) विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धि अपेक्षित रूपमा हुन नसक्नुको मुख्य कारण तलकामध्ये कुन हो ?**

- A. शिक्षकको अपर्याप्त तालिम र निरन्तर पेसागत विकासको अवसरमा कमी
- B. विद्यालयप्रति समुदायको अधिक अपेक्षा
- C. विद्यार्थी मूल्याङ्कनमा एकरुपताको अभाव
- D. स्थानीय तहबाट विद्यालयको व्यवस्थापन

सही उत्तर: A. शिक्षकको अपर्याप्त तालिम र निरन्तर पेसागत विकासको अवसरमा कमी

**४४) नेपालको संविधानको धारा ३१ मा उल्लेखित मौलिक हक अन्तर्गत कुन तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था रहेको छ ?**

- A. आधारभूत तह
- B. प्राथमिक तह
- C. माध्यमिक तह
- D. उच्च शिक्षा

सही उत्तर: C. माध्यमिक तह

*(नोट: संविधान अनुसार आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ।)*

**४५) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा समेटिएका व्यवहार कुशल सीप (Soft Skill) मध्ये कुन चाहिँ सिप सोचाइ सिप अन्तर्गत पर्दछ ?**

Ctevtsolution.com

- A. जिम्मेवारी एवं प्रतिबद्धता
- B. निर्णय तथा समस्या समाधान
- C. सहयोग तथा सहानुभूति
- D. वातावरणप्रतिको सजगता र सम्मान

सही उत्तर: B. निर्णय तथा समस्या समाधान

**४६) यदि कुनै विद्यार्थी ७५ दिनमा ६० दिन कक्षामा उपस्थित रहेछन् भने निजको अनुपस्थितिको प्रतिशत कति हुन आउँछ ?**

- A. ५० प्रतिशत
- B. ४० प्रतिशत
- C. २५ प्रतिशत
- D. २० प्रतिशत

सही उत्तर: D. २० प्रतिशत

*(गणना: अनुपस्थित दिन = ७५ - ६० = १५ दिन; अनुपस्थित प्रतिशत = (15/75)×100=20%)*

**४७) शिक्षकले विद्यार्थीको परीक्षाफल तयार पार्न अङ्कहरू जोड्न प्रतिशत वा ग्रेड निकाल्न र औसत गणना गर्न अफिस प्याकेजको कुन सफ्टवेयर प्रयोग गर्नु उपयुक्त हुन्छ ?**

- A. Microsoft word
- B. Microsoft PowerPoint
- C. Microsoft Excel
- D. Microsoft Paint

सही उत्तर: C. Microsoft Excel

**४८) लेटर ग्रेड 'A' ले विद्यार्थीको कस्तो सिकाइ स्तरलाई जनाउँछ ?**

- A. सर्वोत्तम (Outstanding)
- B. अत्युत्तम (Excellent)
- C. उत्कृष्ट (Very Good)
  J
- D. उत्तम (Good)

सही उत्तर: B. अत्युत्तम (Excellent)

**४९) समालोचनात्मक चिन्तन विधिले विशेषगरी तलकामध्ये कुन सीपको विकास गर्दछ ?**

- A. विचार, तर्क, आलोचनात्मक निर्णय
- B. सामाजिक सेवा र पारस्परिक सहयोग
- C. लेखन तथा पठनसिप
- D. वास्तविक जीवनसँग सम्बन्धित समस्या समाधान

सही उत्तर: A. विचार, तर्क, आलोचनात्मक निर्णय

**५०) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कुन तहसम्म लागू हुन्छ ?**

- A. आधारभूत तह कक्षा ८ सम्म
- B. माध्यमिक तह कक्षा १० सम्म
- C. माध्यमिक तह कक्षा १२ सम्म
- D. स्नातक तहसम्म

सही उत्तर: C. माध्यमिक तह कक्षा १२ सम्म

Ctevtsolution.com